# उद्यमशील पर्वत

त्रैमासिक ई-पत्रिका


**प्रकाशकीय**

## जिल्लाकै पहिलो उद्यमशीलता केन्द्रित ई-पत्रिका

फ्रन्टलाइन नेपालले पर्वत जिल्लाको समग्र उद्यमशीलता यात्रा, सम्भावना र चुनौतीलाई केन्द्रमा राख्दै 'पर्वत जिल्लाको उद्यमशीलता समीक्षा र अन्वेषण' भन्ने नारासहित जिल्लामै पहिलो पटक उद्यमशीलता केन्द्रित ई-पत्रिका प्रकाशन गर्न लागेको छ। यो एक नयाँ अभ्यास हो जसले जिल्लाका उद्यमशील गतिविधिहरूलाई चिनाउन, सम्पर्कमा ल्याउन र नयाँ प्रेरणा दिन मद्दत गर्ने विश्वास लिएको छ।

पर्वत जिल्लामा कृषि, पर्यटन, व्यापार, सिप आधारित सेवा क्षेत्र लगायतका विविध उद्यममा संलग्न उद्यमीहरूको जीवन-यात्रा, सफलताको कथा, उनीहरूले व्यहोरेका संघर्ष, असफलताबाट लिएका पाठ, सिकाइका अनुभव र उद्यम सञ्चालनमा आएका सामाजिक तथा नीतिगत चुनौतीहरूलाई समेट्दै यो पत्रिकाले स्थानीय अनुभवको दस्तावेजीकरण गर्नेछ।

प्रकाशकीय टिमले उपलब्ध साधन, स्रोत र प्राविधिक संरचनालाई ध्यानमा राख्दै हरेक तीन महिनामा एक अंक प्रकाशित गर्ने निर्णय गरेको छ। प्रारम्भमा त्रैमासिक रूपमा जारी राखिने यो प्रकाशनलाई समयानुकूल आवश्यक संसाधन तथा जनशक्ति प्राप्त भएमा मासिक वा पाक्षिक रूपमा विस्तार गर्ने संस्थाको दीर्घकालीन योजना रहेको छ।

यो पत्रिका केवल सूचना र समाचारको संकलन मात्र होइन, ज्ञान सञ्जालको निर्माण, स्थानीय उद्यमशीलताको अध्ययन र अभिलेखीकरण, र भावी पुस्ताका लागि मार्गदर्शन बन्ने उद्देश्यले तयार पारिएको हो। यसले पर्वतमा हुने विविध उद्यमशील प्रयासहरूलाई उजागर गर्ने, अनुसन्धानका लागि आधार तयार पार्ने र नीतिगत बहसलाई समेत टेवा पुऱ्याउने विश्वास गरिएको छ।

हामी यो पत्रिका सबैका लागि उपयोगी, पठनीय, प्रेरणादायक र सहभागितामूलक बनाउने प्रयासमा छौं। यस अभियानमा पाठक, सरोकारवाला, स्थानीय निकाय, युवा उद्यमी, अनुसन्धानकर्ता र नीति निर्माण तहसम्मका सबैको साथ र सुझावलाई हार्दिक स्वागत गर्दछौं।

यो सानो तर अर्थपूर्ण सुरुवातले पर्वत जिल्लाको उद्यमशीलतामा नयाँ उज्यालो थप्नेछ भन्ने हाम्रो दृढ विश्वास छ ।

- प्रकाशकिय

**सम्पादकीय**

## स्थानीय उद्यमको आवाज, सामूहिक सम्भावनाको खोजी

पर्वत जिल्ला र यहाँको असपासको क्षेत्रमा उद्यमशीलताको सुरूवात मानव सभ्यताको विकास संगै सुरू भएको भन्न सकिन्छ । थुपै रगत र पसिनाले सिञ्चित उद्मशीलताका मेहनती कथा र गाथाहरू थिए होलान। समय सापेक्ष ति कथाका स्वरूप र सारहरू फरक रहे होलान । अहले तिनै कथाहरू कतै पिठ्युँमा डोको बोकेर बजार पुगेका महिलाहरूमा, कतै खाडीबाट फर्किएर सानो पसल थालेका युवाहरूमा, र कतै गाउँ तथा सानो शहर उन्मुख कुश्मा बजारको सिमा भित्र सानो-सानो स्रोतबाट र दुख जेलो गर्दै अनुभव संगाल्दै हन्डर खाँदै पाको बनेका र व्यवसायिक बनेका मेहनती हातहरू सहित प्रकट भइरहेका छन । तर सबैजसो कथाहरू ओझेलमा नै छन् ।

यस पत्रिकाको प्रयास यही ओझेल परेका कथालाई उज्यालोमा तानेर सबै सामु प्रकट गराउनु हो । यहाँ हामी सफलताको जति चर्चा गर्छौं, असफलताबाट लिइने सिकाइको पनि उति नै सम्मान गर्छौं। स्थानीय सीप, संघर्ष, प्रेरणा र नवप्रवर्तनहरूलाई अभिलेखीकरण गर्दै नयाँ पुस्तामा सफत उद्यमशीलताको भावना विजारोपणा गराउने र थप अध्ययनशिलता, शोध र खोज बढाउने हाम्रो लक्ष्य हो। यो यात्रा सजिलो छैन, तर सामूहिक प्रयास र सकारात्मक सोचले यो सम्भव छ भन्ने विश्वासका साथ हामी अगाडि बढेका छौं।

हामी सम्पूर्ण पाठक, सरोकारवाला र उद्यमीहरूप्रति आभार प्रकट गर्दै भविष्यका अंकहरू अझ परिस्कृत बनाउन यहाँहरूको सुझाव, कथा र सहभागिताको हार्दिक अपेक्षा राख्छौं। *– सम्पादक मण्डल*

## पर्वत जिल्लाको व्यवसायिक अवस्थाः तथ्यांक र विश्लेषण

पर्वत जिल्लो उद्यम र व्यावसायीक बातावरण कस्तो छ ? आम मानिसको नजरबाट हेर्दा सबै माहोल ठिकै भएको देखिन्छ । तर व्यवसायीहरुकै नजरबाट हेर्दा सहज रुपमै अति असहज रहको बुझ्न सकिन्छ । यस क्षेत्रका निति तथा निर्माताको नजरबाट हेर्दा कस्तो देखिन्छ त ? खोतल्नु पर्ने प्रश्न यो हो । के ति निति निर्माता आफैलाई आफ्नो भूमिका थाहा छ ? आफूहरुले उदयम र व्यवसायीक बातावरण निर्माणका लागि कति योगदान गरेको छौं भन्ने आफैलाई जानकारी छ ? यी र यस्ता प्रश्नहरु अहिलेलाई प्रश्नमै सिमित राखौं । आम अध्ययता, अनुसान्धानकर्ता र समिक्षकको दृष्टिकोणबाट यस विषयलाई कसैलाइ आरोपित नगरी तटस्थ भएर उद्यम केन्द्रीय भएर विश्लेषणको प्रयास गरौं ।

केही पहिले देखि पर्वत जिल्लामा दर्ता भन्दा बढि व्यवसाय खारेजी भइरहेको स्थानिय तथा राष्ट्रिय समाचारहरुमा खवर आइरहे । हामी यसको साथै तथ्यांकिय रुपमा यहाँ उदयम र व्यवसायलाई केलाउने प्रयासरत छौं । ..... वाँकी पेज ३ मा

**यस भित्रः** (१) पर्वत जिल्लाको उद्यम अवस्था तथ्यांक र विश्लेषण, (२) पर्वत चिनाउने उद्यम र उद्यमीको परिचय, (३) बाल मजदुर देखि मालिक सम्मको यात्रामा हिरा दाइ, (४) व्यावसायिक परिवर्तनका धैर्यशिल साँछी देव शर्मा (५) पर्वतको उद्यम चिनाउने उद्यमशीलता अभियान्ता ऋषिकेश तिवारी (६) उद्यम प्रवर्धनमा प्रतिवद्ध फ्रन्टलाइन नेपाल ।

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

### नगर प्रमुखको भनाइ

## स्थानीय उद्यमशीलताको दस्तावेजीकरण र शोध अनुसन्धानका लागि एक स्वागत योग्य प्रयास

पर्वत जिल्ला विशेष गरी कुश्मा नगरपालिका प्राकृतिक, सामाजिक र मानव स्रोतले सम्पन्न एक उर्वर भू–भाग हो। यहाँका जनतामा सिर्जनशीलता, मेहनत र स्वावलम्बन प्रतिको गहिरो भावना रहेको पाइन्छ। तर ती प्रयासहरूलाई चिनाउने, समेट्ने र विस्तार गर्ने माध्यमको कमी खड्किँदै आएको थियो। यस्तो सन्दर्भमा फ्रन्टलाइन नेपालद्वारा सुरु गरिएको उद्यमशीलता केन्द्रित ई–पत्रिका अत्यन्तै सराहनीय र समय सान्दर्भिक प्रयास हो।

स्थानीय उद्यमहरूको कथा, संघर्ष र सफलता साझा गर्दै नयाँ पुस्तालाई प्रेरित गर्न सक्ने शोध र खोजमुलक माध्यमको आवश्यकता अहिलेको युगमा झन् तीव्र रुपमा महसुस भइरहेको छ। यस पत्रिकाले पर्वत जिल्लाको उद्यमशील इतिहासलाई उजागर गर्नुका साथै भविष्यको सम्भावनालाई थप टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

कुश्मा नगरपालिका उद्यमशीलता प्रवर्द्धनमा सदैव सकारात्मक साथ र सहयोग गर्न तयार छ। युवा वर्गको सहभागीतामा निजी क्षेत्र, सामाजिक संघसंस्था र सरकारी संयन्त्रबीचको सहकार्य मार्फत मात्र समावेशी र दिगो आर्थिक विकास सम्भव हुन्छ भन्ने हाम्रो विश्वास हो।

सृजनशील प्रयासको निरन्तरतामा हामी साथ छौं। फ्रन्टलाइन नेपाललाई यो नयाँ प्रकाशनका लागि हार्दिक बधाई ज्ञापन गर्दै आगामी यात्राका लागि सफलताको शुभकामना व्यक्त गर्दछु।

रामचन्द्र जोशी
नगर प्रमुख
कुश्मा नगरपालिका, पर्वत

उद्यमशीलता राष्ट्रिय अर्थतन्त्रको मेरूदण्ड हो ।
उद्यमशीलता रोजौं, स्वरोजगार बनौं ।
साथसाथै सामाजिक सेवा र राष्ट्र सेवाका लागि योगदान गरौं ।।

**कुनै पनि पेशा र व्यवसाय सानो वा ठूलो हुँदैन ।**

**सबै श्रम र पेशा उत्तिकै सम्मानीत छन ।**

**सिप सिकौं सम्मानित स्वरोजगार तथा श्रमजीवी बनौं**

### गैसस महासंघ नेपाल पर्वत जिल्ला अध्यक्षको भनाइ

## सामाजिक रूपान्तरणमा सशक्त प्रयास

गैसस महासंघ नेपाल, जिल्ला शाखा पर्वतको तर्फबाट फ्रन्टलाइन नेपाललाई जिल्लामै पहिलो पटक उद्यमशीलता केन्द्रित ई–पत्रिका प्रकाशन गर्ने ऐतिहासिक प्रयासको लागि हार्दिक बधाई तथा सम्मान प्रकट गर्दछु। फ्रन्टलाइन नेपाल लामो समयदेखि गैसस महासंघको सक्रिय सदस्य संस्था रहँदै आएको छ र यसले सामाजिक रूपान्तरण, युवा सशक्तिकरण, सीपमूलक तालिम, उद्यम विकास र नेतृत्व निर्माणमा निरन्तर योगदान पुऱ्याउँदै आएको छ।

सामाजिक संघसंस्थाहरूको छाता संस्था भएकाले गैसस महासंघ नेपाल आफ्नो सदस्य संस्थाहरूको सिर्जनशीलता, क्षमता र स्थानीय आवश्यकता सम्बोधन गर्ने प्रयासमा सधैं सहयात्री बन्ने गर्दछ। फ्रन्टलाइन नेपालले प्रस्तुत गरेको यो ई–पत्रिका केवल एउटा प्रकाशन मात्र होइन, स्थानीय उद्यमशीलताको दस्तावेजीकरण, उत्प्रेरणा, र अवसर विस्तारको बहुआयामिक प्रयास हो। यसले पर्वत जिल्लाका स्थानीय उद्यमीहरूका अनुभव, सफलता, चुनौती र सिकाइलाई उजागर गर्दै नयाँ पुस्तालाई उद्यमशीलताको बाटोमा हिँड्न उत्साहित गर्नेछ।

गैसस महासंघ पर्वतको संस्थागत बलियो स्वरूप निर्माणमा समेत फ्रन्टलाइन नेपालको योगदान उल्लेखनीय रहँदै आएको छ। विभिन्न जिल्ला तहका योजना, नीतिगत संवाद, क्षमता विकासका कार्यक्रमहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुका साथै सुसंस्कृत र उत्तरदायी संस्था निर्माणमा पनि फ्रन्टलाइन नेपाल उदाहरणीय संस्था बन्न सफल भएको छ।

हामी विश्वास गर्छौं कि यस्ता नवीन र आवश्यकता–अनुसारका प्रयासहरू सामाजिक संघसंस्थाको भूमिकालाई अझ प्रभावकारी बनाउने दिशामा उदाहरण बन्नेछ। आगामी दिनहरूमा पनि यस प्रकारका सिर्जनात्मक काममा गैसस महासंघले आवश्यक सहकार्य र समर्थन प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं।

पुनः एकपटक फ्रन्टलाइन नेपाललाई बधाई, सफलता, निरन्तरताको शुभकामना, र यो प्रकाशन यात्रा अझ सशक्त, समावेशी र प्रभावकारी होस् भन्ने कामना गर्दछु।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष, गैसस महासंघ नेपाल
जिल्ला शाखा, पर्वत

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

**पर्वत जिल्लाको ....** क्रमशः

पर्यटन तथा उद्योग कार्यालय पर्वत जिल्लाको आ.व. २०८१-८२ को तथ्यांक हेर्दा पर्वत जिल्लामा ३३५९ उद्योग र ३१२६ वाणिज्य व्यवसाय रहेको सो कार्यालय सँग तथ्याँक रहेको छ ।

| फर्मको प्रकारको आधारमा अव २०८१-८२को विवरण | | | | | |
|---|---|---|---|---|---|
| **उद्योग क्षेत्र** | | | **क्र** | **उद्योगको स्तर** | **संख्या** |
| **क्र** | **उद्योगको वर्ग** | **संख्या** | १ | लघु | १४५ |
| १ | उर्जामुलक | २ | २ | साना | ३२१४ |
| २ | उत्पादन मुलक | ३४१ | | **जम्मा** | **३३५९** |
| ३ | कृषि,बन आधारीत | १३०७ | | **वाणिज्य क्षेत्र** | |
| ४ | निर्माण | ११ | **क्र** | **फर्मको प्रकार** | **संख्या** |
| ५ | सेवामुलक | १०६० | १ | एकलैटी | ३११७ |
| ६ | पयर्टन | ६३५ | २ | साझेदारी | ६ |
| ७ | सूचना प्रविधि | ३ | | **जम्मा** | **३१२३** |
| | **जम्मा** | **३३५९** | **क्र** | **फर्मको उद्देश्य** | **संख्या** |
| | | | १ | स्थानिय व्यापार | ३१२४ |
| **क्र** | **कानूनी स्वरूप** | **संख्या** | | **जम्मा** | **३१२४** |
| १ | निजी फर्म | ३२३० | **क्र** | **कारोबारको प्रकार** | **संख्या** |
| २ | साझेदारी | ८२ | १ | थोक | १६७७ |
| ३ | प्रा.लि | ४७ | २ | खुद्रा | १४४९ |
| | **जम्मा** | **३३५९** | | **जम्मा** | **३१२६** |

स्रोतः पर्यटन तथा उद्योग कार्यालय, कुश्मा

हाल विभिन्न पालिकाहरुले पनि स्थानिय सरकारको अधिकार क्षेत्रमा रहेर फर्म दर्ता गर्ने प्रावधानले पनि स्थानिय सरकारले पनि कर सृजना गर्ने तथा विभिन्न अनुदान कार्यक्रममा सहभागी गराउने अभियान र कार्यक्रमहरुले गर्दा सोही हाराहारीमा स्थानिय सरकारसँग पनि उदयम दर्ता आवद्ध भएको अनुमान मात्र गर्न सकिन्छ । केही पालिकाले अन्यत्र दर्ता आवद्ध व्यवसायलाई अनुमती दिएको र स्थानिय सामुदायिक संस्थाको अनुमतीलाई समेत एकै शिर्षकमा राख्ने गरेको कारणले शुद्ध व्यवसायीक तथ्यांक र जानकारी खोजविनको क्रममा सहजै नभेटिने अवस्था छ । यसरी तथ्यांक एकद्वार पद्दतीले एकै ठाँउबाट लिने व्यवस्था छैन । परिणामतः सम्पूर्ण एकिकृत तथ्यांकमा विश्लेषण गर्न सकिएन ।

पर्यटन तथा उद्योग कार्यालयकै तथ्यांक मात्रलाइ सरसर्ती हेर्दा पनि उद्योगको संख्या बढि देखिन्छ । प्रश्न उठ्न सक्दछ, के साँच्चै जिल्लामा वाणिज्य पसल भन्दा उद्योग बढि छन त? के ति सबै सक्रिय छन ? जसमा ३३५९ उद्योग मध्य उद्योगको स्तर लघु घरेलुमा १४५ र साना ३२१४ रहेको देखिन्छ । जिल्लामा मझौला र ठूला उद्योग कम्पनी रजिस्टारमा पनि दर्ता हुन्छन तर तिनले जिल्ला घरेलुबाट अनुमती लिने व्यवस्था पनि रहेको छ । जे होस यो तथ्यांकले पर्वत जिल्लामा मझौला र ठूला उद्योगको न्युनताको स्पष्ट संकेत गर्दछ । उद्योगको कानुनी स्वरुपलाई हेर्नु पर्दा निजी फर्म ३२३०, साझेदारी उद्योग ८२ र प्रा.लि कम्पनी उद्योग ४७ रहेको देखिन्छ । त्यसै गरि ३९ प्रतिशत (१३०७) वटा उद्योग कृषि तथा बनमा आधारीत रहेका देखिन्छन, सेवामुलक उद्योग ३१.५५ प्रतिशत (१०६०) त्यसै गरि १९ प्रतिशत (६३५) उद्यम शिर्षकमा होटल व्यवसाय र १० प्रतिशत (३४१) मात्रै उत्पादन क्षेत्रमा काम गर्ने उद्योग रहेका छन् । अन्य उद्योगहरुमा केही निर्माण व्यवसाय, सुचना प्रविधि लगायतका छन् ।

बाणिज्य व्यवसायको कुरा गर्नु पर्दा सबै फर्म स्थानिय व्यापार गर्ने अर्थात बाहिर निकाशा नगर्ने व्यवसाय रहेका छन् । जसमा थोक १६७७ र खुद्रा १४९९ रहेको छन् । यो तथ्यांक पनि अचम्मीत पार्ने खालको छ । जिल्लामा खुद्रा व्यापार भन्दा होलसेल व्यापार बढी भएकै हो त जिज्ञासाको ठाँउ रहन्छ । वार्णिज्य व्यवसायको कुल संख्यामा जम्मा ६ वटा मात्र साझेदारी व्यवसाय रहेको देखिन्छ जसले साझेदारी व्यवसायको अभ्यास र आम मानिसको पुँजी, शक्ती र सामर्थ्यलाई एकिकृत गरि मिलेर व्यवसाय गर्ने न्युन प्रवित्तीको अवस्थालाई इंगित गर्दछ ।

| फर्म दर्ता र खारेजीको विश्लेषण | | | |
|---|---|---|---|
| **अ.व.** | **फर्म प्रकार** | **दर्ता** | **खारेजी** |
| २०८१ | उद्योग | ७० | १०० |
| ८२ | वाणिज्य | ६६ | १२० |
| २०८० | उद्योग | ९१ | १११ |
| ८१ | वाणिज्य | ९७ | १३४ |

स्रोतः पर्यटन तथा उद्योग कार्यालय, कुश्मा

लगातार ३ वर्षका यी तथ्यांकलाइ हेर्यो भने जिल्लामा हाल व्यवसाय नयाँ दर्ता भन्दा बढी बन्द भइरहेको देखिन्छन् । यसले पनि नयाँ प्रश्न र जिज्ञासाहरू सृजना गरेको छ । केही जानकारहरूको भनाइ उदृत गनुपर्दा यसरी घट्नुका कारणहरू यस प्रकार रहेको पाइयो (१) वैदेशिक रोजगारी र पलायन (२) देखावटी फर्म दर्ता गर्ने र उद्देश्य सकिए पछि बन्द गर्ने प्रवृत्ति जसमा (क) छोराछोरीलाई विदेश पढ्नका लागि आर्थिक स्रोत देखाउन दर्ता गरेको र काम पुर्ण भए पछि बन्द गर्ने, (ख) विभिन्न व्यवसायीक छाता संस्थाको अधिवेशन लक्षित गरि दर्ता र बन्द (ग) कतैबाट ऋण तथा अनुदान लिनका लागि दर्ता गर्ने बन्द गर्ने (३) आर्थिक मन्दिका कारण व्यवसाय असफलता तथा अधिकाँश नयाँ दर्ता आवद्ध भएका पनि एकाध छाडेर आर्थिक स्रोत देखाउन तथा ऋण अनुदान प्रयोजनका लागि दर्ता भइरहेका छन भन्ने अनुमान र पक्षेपणहरू कतिपय जानकारहरूले गरेका छन्। यसबारेमा थप छलफल र अनुसन्धानको पुष्टि अवश्यकता वोध गराएको छ । यहाँ जतिपनि प्रश्नहरू खडा भए, थप अस्पष्टता र जिज्ञासाहरू सृजना भए ति विषयमा थप अध्ययन र जानकारी सहित अर्को अंकमा समेट्दै जानेछौं ।

उद्यमशील पर्वत

त्रैमासिक ई-पत्रिका

## पर्वत चिनाउने उद्यम र उद्यमीको परिचय

कृष्णप्रसाद शर्मा

### १. प्रेरणादायी अल्लो उद्यमी जसमाया पुन



सालिजा पर्वतकी जसमाया पुन एक प्रेरणादायी अल्लो उद्यमी हुनुहुन्छ। उहाँले वि.सं. २०५६ सालमा तत्कालीन घरेलु तथा साना उद्योग विकास समितिबाट ६ महिने तालिम प्राप्त गर्नुभयो। त्यसपछि २०५७ सालमा रु. २०,००० को सानो लगानीबाट अल्लो तथा कपडा बुनाइ उद्योगको व्यवसायिक यात्रा सुरु गर्नुभयो। उहाँको उद्योगले सुरुवातदेखि नै विभिन्न सहयोगी निकायहरूको सहयोग र प्रवर्द्धन पाएको छ। आज कुश्मा ४ मा रहेको सानो उद्योगबाट जसमाया पुन शुटपाइन्ट, शर्टका अल्लो थान कपडाका साथै अर्डर अनुसार झोला, टोपि, सल, जुत्ता र चप्पल समेत उत्पादन गर्नु हुन्छ। उहाँका गुणस्तरीय उत्पादनहरू जापान, कोरिया, अमेरिका, बेलायत र युरोपका विभिन्न देशहरूमा निर्यात भइरहेका छन्।



उहाँले प्रयोग गर्नु हुने कच्चा पदार्थ पर्वत जिल्लाको हम्पाल सालिजा क्षेत्रका सामुदायिक वन तथा आफ्नै पाखो खर्बारीमा रोपिएको चाल्ने सिस्नोबाट प्राप्त गरिने रेशा हो। हाल उहाँ महिनाको लाखौं मूल्य बराबरको अल्लो कपडा विक्री गर्नुहुन्छ। कहिल्यै जनसामान्य माझ बोल्न पनि लजाउने जसमाया पुन आज आफै तालिम सहजकर्ता बन्नुभएको छ। उहाँले सिकेको ज्ञान र सीपलाई करिब दुई दर्जन जिल्लाहरूमा पु-याउनुभएको छ। उहाँको नेतृत्व क्षमता, परिश्रम र लगनशीलता हेर्दै सुर्य नेपाल उद्यमशिलता पुरस्कार, केयर नेपाल उद्यमी पुरस्कार, तत्कालीन जिल्ला विकास समिति, घरेलु तथा साना उद्योग समिति लगायतका संस्थाहरूबाट दर्जनौं पुरस्कारहरूबाट सम्मानित हुनु भएको छ। जसमाया पुनको सफलताको यात्रा नेपाली महिला उद्यमशीलता र आत्मनिर्भरताको प्रेरक उदाहरण हो।

### २. स्थानीय कफी, मह लाइ अन्तष्ट्रिय बजार सम्म पुराउने उद्मः धौलागिरी अर्गानिक प्रोडक्ट




अर्गानीक कफी, मह र कृषिजन्य बस्तु उत्पादन तथा प्रशोधनको उदेश्य राखेर २०७० सालमा दर्ता भई कुश्मा–७ खरेहा पर्वतमा स्थापना भएको धौलागिरी अर्गानिक प्रोडक्टले आफ्नो लगायत पर्वत, बागलुङ र म्याग्दी जिल्लाको कफी लाई संकलन तथा बिभिन्न तहमा प्रशोधन गरी बार्षिक ५ देखी १० टन सम्म प्रशोधित तथा अर्ध प्रशोधित कफी राष्ट्रिय तथा अन्र्तराष्ट्रिय बजारमा बिक्री गर्दै आएको छ । तयारी कफीलाई धौलागिरी कफी र पर्वत कफी नामका २ ओटा ब्राण्ड तयार गरि बिक्री बिवतरण गर्दै आएको छ ।

यस उद्यमले बार्षिक करिब ५ क्वीन्टल कफीको गुणस्तरिय बिउ उत्पादनको साथै बार्षिक करिव १ लाख सम्म कफीको गुणस्तरिय बेर्ना तयार गरि देशका बिभिन्न जिल्लामा बिक्री बितरण गर्दै समेत आएको छ । यसको साथै उक्त फर्मले आफ्नो तथा स्थानीय कृषकको फार्मवाट उत्पादीत गुणस्तरिय मह उत्पादन तथा संकलन गरि देश तथा बिदेशका उपभोक्ता समक्ष पुर्याउँदै आएको छ ।

कफी तथा कृषि प्राबिधिक भवानीप्रसाद शर्मा संचालक रहेको उक्त फर्मले देशका बिभिन्न जिल्लावाट आउने कृषक तथा भिजीटरहरुको लागि कफी र मौरी सम्वन्धी प्रबिधि प्रसार समेत गर्दै आएको छ । संचालक शर्माले Dhaulagiri Organic Product नामको फेसबुक पेज मार्फत पनि कफी र मौरी सम्वन्धी प्रबिधि प्रसार गर्दै आएका छन् ।



उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

## ३. घार बनाउने उद्योग, माहुरी पालन व्यवसायको मेरूदण्ड



खुर्कोट माहुरी घार उद्योग पर्वत जिल्लाको कुश्मा नगरपालिका–२ मा स्थापित एक सफल साना उद्यम हो, जसको संचालन राम बहादुर क्षेत्रीले गर्दै आउनु भएको छ। वि.सं. २०५८ मा मात्र रु. ३ लाखको सुरूवाती लगानीबाट सुरु गरिएको यस उद्योगले आज माहुरी उद्यमीको लागि महत्पूर्ण योगदान गरेको छ । उद्योगले मुख्यतः माहुरी पालनका लागि आवश्यक पर्ने आधुनिक घार उत्पादन गर्दै आएको छ। हाल वार्षिक झण्डै ४०० वटा माहुरी घार उत्पादन हुने गर्दछ भने फर्निचर सामग्रीहरू समेत अर्डरको आधारमा उत्पादन गरिन्छ। प्रत्येक घारको औसत मूल्य रु. ३,५०० रहेको र उत्पादनको प्रमुख बजार पर्वत, बागलुगं, कास्की, र स्याङ्जा जिल्लामा केन्द्रित रहेको छ। वार्षिक रूपमा उद्योगले झण्डै रु. २० लाख आम्दानी गर्दै आइरहेको छ।

उद्योगमा हाल दुई जना स्थायी कर्मचारी कार्यरत छन् भने आवश्यकता अनुसार स्थानीय जनशक्तिको समेत परिचालन गरिन्छ, यसले ग्रामीण रोजगारी प्रवर्द्धनमा समेत टेवा पुर्‍याएको छ। राम बहादुर क्षेत्रीलको माहुरी घर बनाउने उद्योगका कारण माहुरीपालन जस्तो पारम्परिक उद्यमलाई व्यावसायिक स्वरूपमा विकास गर्दै आधुनिक प्रविधि र बजार पहुँच विस्तारमा विशेष सहजता प्राप्त भएको छ । यसरी उहाँको नेतृत्वमा यो उद्योगले कृषि–आधारित साना उद्यमको प्रवर्द्धनमा उल्लेखनीय योगदान पुर्‍याएको छ। यसैका आधारमा उहाँलाई स्थानीय स्तरमा मान, सम्मान र पहिचान समेत प्राप्त भएको छ।



## ४. सामुदायिक खाद्य प्रशोधन केन्द्रः सामाजिक उद्यमशीलताको अनुकरणीय उदाहरण



पर्वत जिल्ला फलेवास नगरपालिका वडा नं ४ मुडिकुवामा उद्यमी थानेश्वर भूषालद्वारा संचालित "सामुदायिक खाद्य प्रशोधन उद्योग" पर्वत जिल्लाको एक उदाहरणीय सामाजिक उद्यम हो, जसले स्थानीय कृषी तथा बन स्रोतका कच्चा पदार्थ र सीपको उपयोग गरी विभिन्न गुणस्तरीय खाद्य उत्पादनमार्फत स्वदेश तथा विदेशसम्म आफ्नो बजार विस्तार गर्न सफल भएको छ।

उद्योगले लप्सी, अमला, अदुवा क्याण्डी, विभिन्न अचार, मिक्स सातु जस्ता खाद्य बस्तुहरू उत्पादनहरू गर्दै आएको छ। बजारको माग अनुसार समयानुकूल नयाँ उत्पादनहरू थपिँदै आएका छन्। यस उद्योगका उत्पादनहरू पर्वत, कास्की, काठमाडौं लगायत विदेशमा कोशेलीको रूपमा समेत निर्यात हुने गरेका छन्।

सामाजिक उद्यमशीलता अभियन्ता ऋषिकेश तिवारीको प्रेरणा र पर्वत सामुदायिक विकास संस्थाको सुरुआती प्रवर्द्धनबाट यो उद्योगले थालनी भएको थियो। हाल उद्योगले विभिन्न जिल्लामा तालिम संचालन गर्दै स्थानीय सीप अभिवृद्धिमा समेत योगदान पुर्‍याएको छ।

उद्योगले वार्षिक रु. ५ लाखभन्दा बढी आम्दानी गर्न सफल भएको छ भने हाल ४ जना नियमित जनशक्ति कार्यरत छन् र आवश्यकतानुसार थप जनशक्ति परिचालन गरिन्छ। उद्योगले स्थानिय स्तरमा पाइने कच्चा पदार्थ स्थानिय कृषकहरू बाट संकलन गर्नुहुन्छ । जसले स्थानियमा रोजगारीको प्रवर्दन भएको छ । नेपालमै खाद्य गुणस्तरका आधारमा तेस्रो स्थान प्राप्त गर्न सफल यो उद्योग गण्डकी प्रदेश, पर्यटन उद्योग कार्यालय, उद्योग वाणिज्य संघ पर्वत, रोटरी क्लव पर्वत लगायतका प्रतिष्ठित संस्थाबाट सम्मानित भएको छ। संचालक थानेश्वर भूषाल स्वयं खाद्य प्रशोधन विषयका विज्ञ तालिम सहजकर्ता हुनुहुन्छ र उहाँले सयौं तालिमहरू सञ्चालन गरी ज्ञान र अनुभव बाँड्दै आउनु भएको छ। उहाँको निरन्तरता, मेहनत र उद्यमशीलता आजका लागि प्रेरणाको स्रोत बनेको छ।

(लेखक गैसस महासंघ नेपाल जिल्ला शाखा पर्वतका अध्यक्ष हुनुहुन्छ)

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

## बाल मजदुर देखि मालिक सम्मको यात्रामा हिरा दाइ



पर्वतका ग्रामिण भुभागहरूबाट युवाहरू बिदेसिने लहर जारी छ । कोही कोरिया, कोही जापान, कोही युएई अनि कोही अमेरिका। अभावसँग मानिस पैठेजोरी खेल्दै कोही गाँउ छाडेपनि देश नछाडी यहि उद्यम व्यवसाय गर्ने मार्ग चयन गर्न पुग्दछन त कोही बसाइँ सरेर जिल्ला र देशकै सिमा काट्न पुग्छन्न । पर्वतको महाशिला गाउँपालिका-३, पाखापानी गाउँका कर्णबहादुर पौडेल क्षेत्री पहिलो वर्गमा पर्नु हुन्छ । उहाँले अवसरको खोजीमा बिदेसिने सपना देख्नु भएन–बरु "गाउँ ठाँउमै सफल उद्यमी बन्ने सम्भावना छ" भन्ने सोचमा जीवनको सम्पूर्ण ऊर्जा लगाउनुभयो। आज ५८ वर्षका कर्णबहादुरलाई पर्वतमा "हिरा दाइ" भनेर चिनिन्छ। 'हिरा पाउरोटी उद्योग' नामको ब्रान्ड स्थापना गर्नु भएको छ। तर यो यात्रा हामीले अहिले उहाँलाइ देखेजस्तो सरल थिएन।

### अभावबाट आरम्भ भएको संघर्ष

उहाँको जीवनमा सानो उमेरमै संघर्षबाट शुरू भएको हो। ४ वर्षको हुँदा बुवा बित्नुभयो। आमासहित भाइबहिनीहरूको जिम्मेवारी कम उमेरमै काँधमा आयो। गाँउमा खेतीपातीबाट पेट पाल्न पनि मुस्किल थियो। त्यो समयको दुःख सम्झँदै उहाँ भन्नुहुन्छ, "एक सरो ठाडो भोटो, खालि खुट्टा, साथमा १५ रुपैयाँ मात्रै लिएर पोखरा पुगेको थिए । ३ बेला टन्न पेट खाना र हप्तामा १ दिन मासुभात खान पाँउदाको खुसी बेग्लै थियो।"

यसरी उहाँले २०३३ सालमा पोखरामा पुगेर लक्ष्मी पाउरोटी उद्योगमा रु २० तलबमा बाल मजदुरको रूपमा काम थाल्नु भयो। सानो उमेरमै जिज्ञासु उमेरका कारण वेकरी उद्योगका सबैजसो परिकार बनाउनेदेखि बिक्री वितरणसम्मका सबै प्रक्रिया आफैं सहभागी भएर सिक्नु भयो । उहाँले त्यहाँ १४ वर्षसम्म निरन्तर काम गर्नु भयो ।

### सीप र हिम्मत बोकेर कुश्मा फर्किएको यात्रा

२०४७ सालमा पोखरामै पहिलोपटक आफैले सानो पाउरोटी उद्योग खोल्नु भयो तर २०४८ सालमा डिमुवासम्म यातायात सुविधा विस्तार भएपछि उहाँले कुश्मामा बजारमा नयाँ व्यवसाय हुने सम्भावना देख्नुभयो र १० बोरा मैदा, २ बोरा चिनी र थोरै तेल भरिया लगाएर बोकाई कुश्मा पुग्नुभयो। सुरुमा न भवन थियो, न उपकरण, सामान्य टिनको टहरो, हाते प्रविधि र आगोमा पाउरोटी पकाउने शैलीबाट व्यवसाय थाल्नु भयो ।

### व्यवसायिक पहिचान

एक दिन पाउरोटी किन्ने ग्राहकका रूपमा पसलमै आएका तत्कालिन घरेलु तथा साना उद्योग कार्यालय पर्वतका प्रमुख अर्जुन पौडेलसँग भेट भयो । उहाँले औपचारिक रूपमा उद्योग दर्ताको प्रक्रिया मिलाइदिनु भयो । यसरी पर्वतमा पहिलोपटक दर्ता भएको पाउरोटी उद्योगको मान्यता 'हिरा पाउरोटी उद्योग'ले पायो।

उहाँ आफैंले पाउरोटी बनाउनुहुन्थ्यो, आफैंले बोक्नुहुन्थ्यो, र गाउँ–गाउँ पुगी ग्राहकको घरमा पुऱ्याएर बिक्री गर्नुहुन्थ्यो। त्यसै गरी बिस्तारै आफ्नो उत्पादनको गुणस्तर र स्वादले समाजमा लोकप्रियता कमाउँदै गयो।



कर्णबहादुरले औपचारिक शिक्षा हासिल गर्न पाउनु भएन। लेखपढ पनि गर्न जान्नुहुन्न। उहाँकी श्रीमतीले सामान्य लेखपढ जान्नुहुन्छ। तर उहाँलाइ अनुभवले नै व्यवसाय सिकायो। व्यवहारिक ज्ञान, ताजगीयुक्त परिकार, समयमै डेलिभरी र ग्राहक सन्तुष्टिलाई प्राथमिकतामा राखेर उद्योगलाई निरन्तर बढाउँदै लग्नुभयो। उहाँ भन्नुहुन्छ, "अक्षर होइन, अनुशासन र आत्मानुशासन चाहिन्छ व्यवसायमा।"

### सम्भावनासँगै चुनौती पनि आए

सफल व्यवसायीले पनि सँधै सहि निर्णय गर्दैन रहेछ । एकपटक उहाँ कुखुरा पालनतर्फ लाग्नुभयो। सुरुमा १५ लाख ऋण लिएर त्यो व्यवसाय सुरु गर्नुभयो। तर त्यो योजना असफल भयो। ऋण ४५ लाखसम्म पुग्यो। त्यसपछि उहाँले त्यो व्यवसाय छाडेर फेरि आफ्नो पुरानै बेकरी पेसामा ध्यान र एकाग्रता बढाएर व्यसायलाइ थप सफल बनाउनु भयो र डुवेको ऋण समेत यहि व्यवसायबाट चुक्ता गर्न सफल हुनुभयो ।

बैंकहरू कहिलेकाहीँ नयाँ योजना ल्याएर करोडसम्म ऋण दिने प्रस्ताव लिएर आउँछन्। तर उहाँ भन्नुहुन्छ, "नचाहिने धन्दा गर्नु छैन। आफूले नसक्ने काममा हात हाल्नुहुँदैन रहेछ।" आफुले ऋणको नाममा मात्र ५० लाख लिएको र त्यो पनि अहिले चुक्ता गरिसकेको बताउनु हुन्छ ।

### साधन, सीप, श्रमको संयोजन र सफलता

उहाँलाई कुश्माको चोकचौतारोमा गफिन बसेको, सुटबुटमा सजिएर देखावटी समाजसेवा र राजनितिमा दौडिनेहरुको भिडमा भेटिँदैन । उहाँ या त उद्योगमै या आफ्नो सामान डेलिभरी गर्न गइहरेको अवस्थामा भेटिनुहुन्छ । पहिले पर्वत र बागलुको दक्षिणी भेगमा पैदल हिडेर अफ्नो बजार र ब्राण्ड विस्तार गरेका उहाँका अहिले गाडि र सामान डेलिभरीमा काम गर्ने ......... बाँकी पेज ९ मा

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

## व्यवसायीक परिवर्तनका धैर्यैशिल साँछी: देव शर्मा



देव शर्मा जसलाई कुश्मा बजारमा "पंगाली साहु" को रूपमा चिनिन्छ, उहाँले वि.सं. २०३७ सालदेखि लोकतन्त्रचोकमा किराना व्यवसाय गर्दै आउनुभएको छ। उहाँ कुश्मा बजारको व्यवसायिक, सामाजिक र भौतिक रूपान्तरणका सजीव साक्षी हुनुहुन्छ। उहाँको व्यवसायिक यात्रा वि.सं. २०२८ मा कुश्मा नगरपालिका-१, पाङ खरिवोटमा सानो किराना पसलबाट सुरु भएको हो। त्यसपछि वि.सं. २०३२ सालमा भैरहवा बैंक रोड हुँदै फेरि कुश्मामा फर्केर दाजु गोविन्दनाथ शर्मा सहित व्यवसाय सुरु गर्नुभयो। उहाँको परिवारका आठै दाजुभाइ कुश्मा, बागलुङ, भैरहवा र काठमाडौंमा पंगाली ब्रान्डको व्यवसायमा संलग्न हुनुहुन्छ।

गोविन्दनाथ शर्मा लोकतन्त्र पुनः स्थापना आन्दोलनका शहीद हुनुभएको कारण यो परिवार शहीद परिवारको रूपमा समेत सम्मानित छ। व्यापारमा झुट, जालझेल, फिटही सबै जायज हुने आम धारणाको कारण ब्राह्मण जातिका लागि व्यापार अनुपयुक्त मानिन्थ्यो, जसका कारण उहाँका हजुरबा पण्डित टिकाराम उपाध्यायले गाँउमा व्यवसाय सुरू गर्दा महिनौंसम्म बोल्न छाड्नुभएको थियो। हजुरबुवाको यहि धर्म, निष्ठा र इमानको प्रेरणाले हाल उहाँहरूले सफल लोकप्रिय व्यवसाय सञ्चालन गर्दै दिगो कालसम्म स्थानीय तथा छिमेकी जिल्लाहरूमा समेत ग्राहकहरूको विश्वास जित्नुभयो।

### हिजोको कुश्मा

वि.सं. २०३० को दशकमा कुश्मा बजार अहिलेको जस्तो थिएन। झाडी, बारी, सिस्नो घारी र स्याल डुल्ने ठाउँबाट विकास सुरु भएको हो। साना डहरहरू, साँघुरा बाटा र बस्तीको विखण्डित रूप थियो। बजार लोकतन्त्रचोकभन्दा माथिल्लो भागमा सीमित थियो, चिया पसलहरू छरिएर थिए।

त्यसबेला कुश्मामा चारवटा मात्र किराना पसल थिए – पंगाली, इश्वरी श्रेष्ठ, काशी कुमार जोशी, र पुरुषोत्तम पौडेल। नयाँ व्यवसायीले पसल खोल्न कठिन मानिन्थ्यो, स्थानियले रिस र राग गर्थे। तर पंगालीको पसलले कम मूल्यमा गुणस्तरीय सामान उपलब्ध गराउँदै लोकप्रियता कमायो। एकपटक अरु व्यापारीहरू मिलेर सस्तो सामान बेचेको आरोप लगाई जिल्ला प्रशासनमा उजुरी गरे, तर प्रशासनले प्रतिस्पर्धात्मक कम मूल्य उचित ठहर गरी उजुरी खारेज गर्‍यो।

### हालको परिवर्तन

समयसँगै कुश्मा बजारको रूपान्तरण भयो। गाडीको पहुँच विस्तारपछि सामान ल्याउने, बेच्ने प्रणालीमा ठूलो सुधार आयो। पहिले स्याङ्जाको नाउँडाँडा सम्म गाडीमा सामान ल्याएर यता भरिया वा खच्चडले कुश्मा ल्याउनु पर्थ्यो। अब भने गाउँगाउँमा गाडीमै डेलिभरी दिन थालियो।

शर्मा इन्टरप्राइजेज (थोक) र गणपती स्टोर्स (खुद्रा) को रूपमा उहाँ अहिले पनि दर्जनभन्दा बढी ब्रान्डको थोक वितरक हुनुहुन्छ। परिवारका सदस्यहरू बाहेक चार जना कामदार र तीन–चार जना ट्रान्सपोर्ट स्टाफ उहाँको सहयोगी छन्। व्यवसायीक व्यस्तता भने पहिले भन्दा कम भएको छ।

दाजु गोविन्दनाथ पर्वत उद्योग वाणिज्य संघको लगातार तीन कार्यकाल अध्यक्ष हुनुभयो । त्यतीबेला संघले बजार क्षेत्रको सडक, खानेपानी, र विद्युत जस्ता पूर्वाधार निर्माणमा महत्वपूर्ण भूमिका खेलेको थियो।

### अनुभव, सल्लाह सुझाव र सिकाइ

उहाँले बीचमा यातायात व्यवसायमा पनि हात हाल्नुभयो - काकडभिट्टा–काठमाडौं चल्ने गाडीमा लगानी गर्नुभयो। तर प्रत्यक्ष निगरानी गर्न नसक्दा, मर्मतसम्भार र दुर्घटनाको कारण घाटा व्यहोर्नुपर्‍यो। पश्चिम नेपालको दाङको यातायात व्यवसायमा जोडिन तिहाँ जमिन किनेर प्रयास गर्नुभयो, तर पछि गाडी बेचेर सो व्यवसायबाट बाहिरिनुभयो।

उहाँको अनुभवमा, "आफूले नबुझेको, नसक्ने व्यवसायमा लगानी गर्नु हुँदैन।" धेरै व्यवसायीहरू देखासिकी, देखावटी जीवनशैली, ऋणको दुरुपयोग र अनावश्यक क्षेत्रमा लगानीका कारण असफल भएका छन्। ऋण लिएर पनि किस्ता तिर्न सक्ने आम्दानी सुनिश्चित नगरी लगानी गर्नु जोखिमपूर्ण हुन्छ।

उहाँ बताउनुहुन्छ, "नियमित आम्दानीबाट ऋणको किस्ता तिर्न सक्ने व्यवसाय गरेपछि, ऋण अवधि पार भएपछि त्यो नै पुँजी बन्छ।" उहाँले व्यवसायमा इमान्दारी, नैतिकता, धैर्यता र पुँजी-ऋणको विवेकपूर्ण प्रयोगले मात्र सफलता मिल्ने अनुभव साट्नुभयो।

सरकारी व्यवसाय दर्ता र नविकरण प्रक्रियामा भएको अस्थिरता, मजदुर संगठन र राजनीतिक हड्तालले उद्योग–व्यवसायमा नकारात्मक प्रभाव पारेको अनुभूति उहाँको छ ।

कुश्मा जस्तो सानो बजारमा ठूलो प्रभाव पार्ने उद्योग सम्भव नभएको र बाह्य प्रतिस्पर्धा र गुणस्तर उत्पादनको चुनौतीका कारण औद्योगिक लगानीतर्फ उहाँ आकर्षित हुनुभएन। तर हाल यहाँको रैथाने उत्पादनमा अधारीत खास उद्म गरेर देश विदेशमा व्यापार गर्नका लागि संभावना रहेको उहाँको धारणा छ ।

निष्कर्षमा, देव शर्मा, अर्थात पंगाली साहुको सफलताको कथा केवल एक किराना व्यापारीको जीवनी होइन, यो कुश्मा बजारको विकास यात्रा, सामाजिक दृष्टिकोणको परिवर्तन, व्यवसायिक नैतिकताको जीवन्त उदाहरण हो। उहाँको अनुभव, मूल्य र विचारले आजका युवा तथा साना उद्यमीहरूलाई आत्मनिर्भर र दूरदर्शी बन्न प्रेरणा दिन्छ।

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

## पर्वतमा उद्यमशीलताको पहिचान: ऋषिकेश तिवारी

ऋषिकेश तिवारी एक सामाजिक अभियन्ता, राजनीतिज्ञ, लेखक तथा उद्यमशीलता प्रवर्द्धक हुनुहुन्छ। पूर्व गा.वि.स अध्यक्ष, पूर्व सांसद, नेपाली काँग्रेसका पार्टीका पूर्व मुख्य सचिव समेत रहेका उहाँसँग ३ दशक भन्दा लामो सामाजिक उद्यमशिलता अभियान र त्यसको प्रत्यक्ष प्रयोगको अनुभव रहेको छ । अंग्रेजी विषयमा स्नातकोत्तर उहाँ सामाजिक उद्यमशीलता नामक पुस्तकका लेखक हुनुहुन्छ ।




### राजनीतिक सामाजिक जीवन

तिवारीको युवा अवस्थादेखि नै पञ्चायत विरोधी आन्दोलनमा सक्रिय सहभागिता रह्यो। नेविसंघ, तरुण दल हुँदै नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहँदै आउनु भएको छ । उहाँ २०४९ सालको स्थानीय निर्वाचनमा तत्कालीन मुडिकुवा गाउँ विकास समितिको अध्यक्षमा निर्वाचित हुनुभयो। पछि उहाँ नेपाली काँग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्य र पार्टीको केन्द्रीय कार्यालयमा मुख्य सचिव समेत हुनु भयो। जनमुखी विचार राख्ने, विकेन्द्रित विकासप्रति समर्पित र लोकतान्त्रिक मूल्यमा विश्वास राख्ने व्यक्तित्वका रूपमा तिवारी स्थानीयदेखि राष्ट्रिय तहसम्म इमान्दार, निष्ठावान, सादगी र बेदाग नेताको रुपमा परिचित हुनुहुन्छ ।

### संस्था सुरुवात र सामाजिक अभियान

स्थानीय स्तरमा विकासका अपेक्षा धेरै तर बजेट सीमित हुँदा तिवारीले समुदायकै सहभागितामा कार्यक्रम तथा बजेट ल्याउने सोच बनाउनु भयो। यही सोचबाट पर्वत सामुदायिक विकास संस्था (PCDS-Nepal) को स्थापना भयो। यस संस्थाले प्रारम्भिक समयमा बत्ती, खानेपानी, सिचाइ जस्ता पूर्वाधार विकास र ढाका बुनाइ, वेतबाँस, कटाइ-सिलाइ, फर्निचर निर्माणा, प्रौढ शिक्षा जस्ता ज्ञान, सिप र आयमुलक समुदाय केन्द्रित कार्यक्रमहरू सञ्चालन भए।

### लप्सी अभियान र सामुदायिक खाद्य उद्योगको सुरुवात

सामाजिक अभियानकै क्रममा रुखबाट खसेर छरिएको लप्सी देख्दा तिवारीको मनमा यस प्राकृतिक फलको सदुपयोग गर्ने विचार पलायो। अध्ययया र खोजविन गर्दा उहाँलाई थाहा भयो कि लप्सी नेपालमै मात्र पाइने रैथाने, स्वादिलो तथा औषधीय फल हो जसको अन्तर्राष्ट्रिय बजारमा समेत सम्भावना छ। यसै सन्दर्भमा उहाँले काठमाडौंमा रत्नपाउ भण्डारले लप्सीको पाउबाट करोडौं नाफा गरेको समाचार पढ्नुभयो जसले उहाँलाई उत्साहित बनायो। उहाँले GTZ सँग समन्वय गरी तालिमका लागि माग गर्नु भयो। सात जना युवालाई काठमाडौं पठाएर तालिम गराएपछि लप्सी प्रशोधनको काम सुरु गरियो।

यसलाई प्रविधि सम्पन्न गर्ने र व्यवसायिकता दिनका लागी UNDP/SGP grant को परियोजनाले सहयोग गर्यो। विभिन्न गैरकाष्ठ बनपैदावार सम्वन्धमा वन विभाग, सरकारी तथा गैरसरकारी निकायहरु सँग ज्ञान, सिप तथासहयोग जुटाइ संस्थाले आफ्नै लप्सी नर्सरी स्थापना गर्यो र घरघरमा लप्सीका विरुवा रप्न रोप्न उत्प्रेरणा दिने कार्यक्रमहरू संचालन गरियो । उद्योग दर्ता गरि नेतृत्व संस्थाका कोषाध्यक्ष थानेश्वर भूषालले गर्नुभयो। पछि नेपाल सरकारको एक जिल्ला एक उत्पादन (OVOP) कार्यक्रम अन्तर्गत पर्वतलाई लप्सी जिल्ला घोषित गरियो । यस घोषणासँगै लप्सी उत्पादन, प्रशोधन र बजारिकरणमा विविध कार्यक्रम सुरु भए जसले ठूलो संख्यामा रोजगारी र स्वरोजगारी सिर्जना गर्यो । लप्सी प्रशोधन उद्योग सँग–सँगै विभिन्न कार्यक्रमहरु मार्फत खिर्रो, तितेपाती, बनमारा जस्ता वनमा खेर गएका वनस्पतिबाट उहाँले जैविक मल, विषादी, कम्पोस्ट आदीको उत्पादन गरि थप विपन्न समुदायहरुमा आयमूलक उत्पादन सुरु गराउनु भयो ।

### अशोका फेलोसिप

विदेशबाट स्वयंसेवकहरू संस्थामा आइ नर्सरी, जैविक मल तथा लप्सी प्रशोधनमा सघाउने गर्थे । यसै प्रयासले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमा पर्वत र तिवारीको सामाजिक उद्यमशीलताको चर्चा बढ्यो । यही आधारमा अशोका फेलोसिप (Ashoka Fellowship) कार्यक्रमले उहाँलाई सन् २००५ मा नेपालबाट छनौट गरी सम्मान गऱ्यो। यो सम्मानले उहाँको प्रयासलाई अन्तर्राष्ट्रिय मान्यता दिलायो ।

### अनुभव आदान प्रदान र पछिल्लो उद्यमशीलता अभियान

हाल तिवारीले आफूले सुरु गरेको संस्था र उद्यमहरू दोस्रो पुस्तालाई हस्तान्तरण गर्नुभएको छ। आफू पछाडिबाट सहजीकरण, तालिम, नेतृत्व विकास गर्दै समुदायका युवाहरूसँग अनुभव बाँड्न सक्रिय हुनुहुन्छ। उहाँ ३०–३५ वर्षको अनुभव र ज्ञानलाई "सामाजिक उद्यमशिलता" पुस्तकमार्फत सार्वजनिक गर्दै पर्वत जिल्लामा मात्र होइन, नेपालभर सामाजिक उद्यमशीलता प्रवर्द्धन गर्ने र नेपाली समाजमा दीगो आर्थिक तथा सामाजिक परिवर्तन ल्याउने अभियानमा अभियानहरूमा निरन्तर लागीरहनु भएको छ । उहाँका ३ ज जहाँ छौ त्यहीबाट सुरु गरौं, जे छ त्यसैबाट सुरु गरौं र जती छ त्यतीबाट सुरु गरौं भन्ने सुत्र र ४ प्रश्नहरुः गाँउमै कमाउने र रमाउने बनाउने कसरी ?, कृषिलाई उद्योग र किसानलाइ उद्यमी बनाउने कसरी ?, अरुलाई पनि गाँउमै बसौं–बसौं बनाउने कसरी ? युवा पुस्तालाई सामाजिक उद्यमी बनाउने कसरी ? महत्पूर्ण छन् ।

ऋषिकेश तिवारीको जीवन यात्रा उद्यमशीलता, समाजसेवा र नेतृत्वको प्रेरक कथा हो। गाउँले लप्सीको सम्भावना देखेर काम गरि अन्तर्राष्ट्रिय फेलोसिप प्राप्त गर्न सफल एक समाजसेवीको यो यात्राले समुदायमा आधारित विकास र उद्यमशीलता कसरी दीगो परिवर्तनको बाटो बन्छ भन्ने सन्देश दिन्छ। उहाँको योगदानले पर्वतलाई लप्सी जिल्लाका रूपमा स्थापित गरे जस्तै, नेपालभरि सामाजिक उद्यमशिलताको बीजारोपण गर्ने महत्वपूर्ण भूमि तयार गरिदिएको छ।

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

**बाल मजदुर देखि ....** ४ जना कर्मचारी छन तर आफैं पनि डेलिभरी गर्न परेमा जाँन हिच्किचाउनुहुन्न। यही सरलता, र परिश्रम उहाँको पहिचान बनेको छ।

अहिले हिरा दाइको उद्योगमा करिब १ करोड बराबरका अत्याधुनिक ओभन, मिक्सर र उपकरणहरू छन्। दैनिक ४–५ क्विन्टलसम्म मैदा खपत हुन्छ। करिब २४–२५ आइटम उत्पादन हुन्छन्। कति कमाउनुहुन्छ भन्ने प्रश्नमा उहाँको नेतृत्वमा १५ जनालाई प्रत्यक्ष रोजगारी मिलेको छ, र थुप्रै स्थानीय डोके व्यापारीहरूलाई अप्रत्यक्ष आम्दानीको अवसर पनि दिइएको छ। उद्योगको बजार क्षेत्र कुश्मा नगरदेखि बागलुङ बजारसम्म फैलिएको छ। प्रतिस्पर्धा पोखराको उत्पादनसँग भए पनि गुणस्तर र ग्राहक विश्वासका कारण 'हिरा पाउरोटी' बलियो ब्रान्ड बन्न पुगेको छ।

**सन्तान पनि उद्यमकै मार्गमा रहुन् भन्ने चाहना**

हिरा दाइका दुई छोरा छन । जेठोले स्नातक, कान्छोले वाणिज्यशास्त्रमा स्नातकोत्तर गरे। तर उहाँका लागि ठूलो कुरा छोराहरूले पाएको डिग्री होइन । छोराहरू बिदेसिएका छैनन र घरमै बाबुको व्यवसाय सम्हाल्ने प्रयास गरिरहेका छन उहाँ यसैमा खुसी हुनुहुन्छ ।

उहाँ भावुक हुँदै भन्नुहुन्छ—"घरमै जापान, कोरिया, अमेरिका बनाउने प्रयास गरिरहेको छु। पलायन नहोउन भन्ने मेरो चाहना हो।" सन्तानले फरक बाटो रोजे परिवारको उद्यमशिल विरासत खतम हुने उदाहरण देखाउँदै उहाँ भन्नुहुन्छ "पोखरामा मैले काम गरेको लक्ष्मी पाउरोटी उद्योगका साहुको निधनपछि उद्येग बन्द भएको थाहा पाएर निकै दुःख लाग्यो। म चाहन्छु, मेरा छोराहरूले नेपालमै यहि उद्योगमा समय सापेक्ष नयाँ र आधुनिक तकनिक विकास र उत्पादन गरेर बजारको माग पुरा गर्दै सफल हुने विकल्प चयन गरेर व्यापारमै टिकेर मैले दुःख गरि बनाएको यो नाम र सम्मानलाइ निरन्तरता दिउन ।

हिजो परिवारले 'कर्णबहादुर क्षेत्री' भनेर चिनिने व्यक्ति आज हिरा दाइ भनेर चिनिन्छन्। यो उपनाम उहाँले सोखले राखेको होइन, समाजले दिएको हो। उहाँले नाममा भन्दा पनि काममा पहिचान खोज्नु भयो र समाजले पनि काम हेरेरै सम्मान गरिरहेको छ । हिरा पाउरोटी उद्योग एकाग्रता सहित व्यवसायिक स्थायित्व, स्थानिय स्तरमै दिगो संभावना खोजी र व्यवसायिक उत्तराधिकार सिर्जनाको ज्वलन्त उदाहरण बनिरहेको छ ।



**राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सम्पन्न**




राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम कुश्मा मा सम्पन्न भएको छ । फ्रन्टलाइन नेपाल उद्यमशिलता तथा विकास संस्था पर्वतको आयोजना तथा कुश्मा नगरपालिकाको आर्थिक सहयोगमा २०८२ बैशाख २५मा सुरू भइ असार १७ गतेका दिन यो कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रम अन्तर्गत कुश्मा नगरपालिका वडा नं ४ का लक्षित वर्गका २५ जना विपन्न, दलित, अपाङ्ग, एकल महिलाहरुलाई ५ दिने सिप विकास तथा उद्यमशिलता तालिम सम्पन्न गरि व्यवसायीक बाख्रा तथा कुखुरापलान तालिम सम्पन्न गरिएको थियो । तालिमको उद्घाटन सत्रमा कुश्मा नगरपालिकाका प्रमुख रामचन्द्र जोशीले महिलाहरुलाई आत्मनिर्भर र उद्यमशील बन्न प्रेरणा दिने यो तालिमले दीगो आयआर्जनको बाटो खोल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले सीप सिके पनि स्रोतको सही सदुपयोग नगर्दा महिलाहरू पछि परेको उदाहरण दिँदै, उद्यममा लाग्नेलाई नगरपालिका पूर्णरूपमा साथ दिन तयार रहेको बताउनुभयो।

त्यस्तै, नगर उपप्रमुख स्वस्थानी रिजालले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पालादेखि सञ्चालनमा आएको यो कार्यक्रमले महिलाहरूलाई आत्मनिर्भर बन्न प्रेरणा दिएको र अघिल्लो वर्ष तालिम लिएका सहभागीहरू अहिले व्यवसायीक उद्यमी बनेको उदाहरण प्रस्तुत गर्नुभयो। पशुसेवाका चिकित्सक तथा विज्ञ, उद्यमशिलता, बजारीकरण एवं वित्तिय साक्षरताका विज्ञ सहजकर्ताहरुबाट विषयबस्तुको सहजीकरण भएको थियो । तालिमको समापन सत्रमा कुश्मा नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष दिनेश श्रेष्ठले तालिम र प्राप्त बीउ पुँजीको उचित उपयोग गर्दै सहभागी महिलाहरूले सफल उद्यमी बनेमा आगामी दिनमा थप कार्यक्रमहरुमा समेत सहभागी गराइने बताउनुभयो।

तालिम सम्पन्न गरेपछि सहभागीहरूलाइ खोर निर्माण गर्न लगाइ कुश्मा नगरपालिक, वडा कार्यालय र संस्था देखि संयुक्त रूपमा अनुगमन गरिएको थियो । सो पश्चात उनिहरूलाइ व्यवसायीक प्रतिवद्धता गराइ जनही उनिहरूको खातामा २६००० हजारका दरले बाख्रा तथा कुखुरा किन्ने विउँपुजी उपलव्ध गराएको छ । यसरी कुश्मा नगरपालिका वडा नं ४ का २५ जना महिलाहरूलाइ उद्यमी बनाउनका लागि पहिलो पहल सम्पन्न भएको छ ।

उद्यमशील पर्वत
त्रैमासिक ई-पत्रिका

## उदयम प्रवर्धनमा प्रतिवद्ध फ्रन्टलाइन नेपाल

(संस्थागत परिचय)

फ्रन्टलाइन उद्यमशीलता तथा विकास सस्था पर्वत वि.सं २०६८ साल आश्विनमा स्थापना भएको हो । नेपालमा भखरै गणतन्त्र स्थापना भएको थियो । भर्खरै द्वन्दबाट निस्कीएको मुलुकमा द्वन्दका घाउहरु र युद्धका केही डरत्रासहरु विद्यमान थिए । संविधान लेखनका लागी दवाव र शक्ति संघर्षको वातावरण थियो । युवाहरुमा संविधान लेखे पछि देशमा केही हुन्छ भन्ने दिगो आशा तर तत्कालिन वर्तमान निराशाजनक नै अवस्था थियो ।

कुश्मा सदरमुकाममा रहेका केही उत्साहि युवाहरुले समसामायिक वस्तुस्थीतिको छलफल समिक्षा गर्दा समाजिक रुपमा सहकार्य गर्दै अगाडी बढौ भन्ने भावना प्रकट भयो । संस्थापक अध्यक्ष शिवप्रसाद शर्मा, उपाध्यक्ष विजय लामिछाने, सचिव विनोद आचार्य, सहसचिव अच्युत तिवारी, सदस्य स्मिता नेपाली, अञ्जना गुरुङ लगाएत सामाजिक उद्यमशिल युवाहरु मोहन आचार्य, केदारनाथ आचार्य, योगराज गिरी (वद्री) को महत्वपूर्ण तत्परता र सहयोगमा यो संस्था सुरुवात भएको हो ।

स्थापना गरेपछि संस्थाले तत्काल व्यवसायिक तथा सिप विकास तालिम केन्द्र कुश्मासँग सहकार्यमा सिपमुलक कार्यक्रम गर्न सुरुवात गरेको थियो । तत्कालिन जिल्ला विकास समिति, जिल्ला स्थित अन्य विकासे कार्यालय तत्कालिन घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला बन, जिल्ला कृषि विकास लगाएतका कार्यालयहरु सँग सहकार्यमा पर्वत र बागलु जिल्लाको स्थापनहरुमा सिप तथा कृषि उद्यममा आधारीत आयमुलक कार्यक्रमहरु सम्पन्न गरको छ । पवत जिल्लालाई साक्षरता घोषणा गर्ने अभियान स्वरुप जिल्ला शिक्षा कार्यालय पर्वतको सहकार्यमा विभिन्न गा.वि.स.हरुमा साक्षरता अभियान प्रौढ कक्षा संचालन लगाएतका कार्यक्रमहरु संचालन गर्यो । जिल्ला बाहेक घरेलु तथा उद्योग महासंघ, उद्यम विकास कोष, युवा अभियान काठमाण्डौ, क्लिन अप अभियान नेपाल लगाएत सँगको सहयोग एवं सहकार्यमा कार्यक्रमहरु सम्पन्न गरेको छ ।

युवा नेतृत्वको संस्था, चरम युवा पलायन हुँदा कहिले नेतृत्वदायी पदाधिकारी त कहिले सहकार्यात्मक समुह विहिन हुँदै संस्था अगाडी बढिरहेको थियो । संस्थागत अनुभवहरुले निखारिँदै अन्तराष्टिय दातृ निकाय सँग परियोजना प्रतिस्पर्धा गर्ने चरणमा भुकम्प, कोभिड र आर्थिक मन्दीका मुलुक बाटै सहयोगी निकायको प्राथमिकतामा बदलाव आउँदा पर्वत जिल्ला दातृ निकायका सहयोग कम आउने जिल्लामा पुग्यो । यसले साना उठ्दै गरेको संस्थालाई समस्या सृजना गर्यो । यस यस्तो विषम परिवेशमा पनि संस्थाले सानो कोषमा अर्थपुर्ण परिचालन गरेरै महत्वपूर्ण कार्यक्रमहरु गर्दै आफुलाई जीवनन्त राखेर अगाडी बढेको छ । जिल्लामा भएको गैससहरु विचको अस्वस्थ्य प्रतिस्पर्धा र जुन उद्देश्यमा पनि जिल्ला स्थित सहकर्मी गैससहरुसँग भिड्ने काममा संस्थाले भाग लिएन । फ्रन्टलाइन नेपाल केवल उद्यम र उद्यमशिलता प्रवद्र्धनका लागि केन्द्रीत भइ कार्यरत रहँदै अगाडी बढिरहेको छ । स्थापनासँगै गैसस महासंघ नेपाल जिल्ला शाखा पर्वतमा आवद्ध भइ सक्रियता पूर्वक जिल्लाको अभियानमा योगदान तथा नेतृत्व गर्ने अवसर समेत संस्थाले प्राप्त गरेको छ । हाल संस्थापक अध्यक्ष शिवप्रसाद शर्मा गैसस महासंघ नेपालको पर्वत जिल्ला सचिव, अध्यक्ष, गण्डकी प्रदेश सचिव हुँदै हाल केन्द्रीय सदस्यमा हुनुहुन्छ भने वर्तमान जिल्ला शाखाको सदस्यमा संस्थाका सहसचिव शारदा आचार्य रेग्मी रहनु भएको छ । युवाहरुद्धारा नेतृत्व गरिएको संस्थाको रुपमा पहिचान बनाएको यस फ्रन्टलाइन नेपालमा हाल कार्यसमितिमा सबै युवा महिला नेतृत्वमा हुनुहुन्छ । आफ्नो कर्मले यस संस्थाले आफुलाई उद्यमशील व्यक्तिहरुको संस्थाको रुपमा विशिष्ट पहिचान बनाउने गरि रणनितिक कार्यक्रमहरुको पदमार्गमा डोराइ रहेको छ ।

### संस्थाको कार्यसमिति तथा वर्तमान टिमः

अध्यक्षः कुसुम शर्मा
उपाध्यक्ष तथा का. अध्यक्ष मञ्जुकुमारी शर्मा
सचिव ः सञ्जुकुमारी शर्मा
सहसचिव ः शारदा आचार्य रेग्मी
कोषाध्यक्षः दिपिका आचार्य
सदस्यः संगिता परियार र
विपना थापा मगर

### सल्लाहकार समिति

पुर्व सांसद तथा उद्यमशीलता अभियान्त ऋषिकेश तिवारी,
विकास तथा वातावरण विज्ञ डा. राजेन्द्र खनाल,
प्राध्यापक, कुश्मा व. क्याम्पस प्रमुख श्री सुवास पन्त,
सामाजिक अभियान्ता तथा उद्यमी जमुना आचार्य

### स्रोत व्यवस्थापन तथा परिचालन समितिः

संयोजकः शिवप्रसाद शर्मा (कार्यकारी निर्देशक)
सदस्यः वलिनारायण रेग्मी
सदस्यः योगराज गिरी

### उदयमशीलता विकास समितिः

संयोजक केदानाथ आचार्य
शोभा आचार्य शर्मा
अनिता के.सी.

### नेतृत्व विकास तथा परिचालन समिति

संयोजक मोहन आचार्य
सदस्यः शान्ति शर्मा कुमाल
सदस्य गोविन्द प्रसाद रेग्मी

### पूर्व अध्यक्ष तथा पदाधिकारी

सुभाष आचार्य पुर्व अध्यक्ष
विजय लामिछाने संस्थापक उपाध्यक्ष
विनोद आचार्य संस्थापक सचिव
अच्युत तिवारी संस्थापक सहसचिव
स्मिता नेपाली संस्थापक सदस्य
अञ्जना गुरुङ संस्थापक सदस्य
रमेश सुवेदी पूर्व सचिव
रमेशराज रेग्मी पुर्व सचिव

**सम्पादक मण्डलः** सम्पादकः शिवप्रसाद शर्मा
सहसम्पादकः मोहन आचार्य, योगराज गिरी र केदारनाथ आचार्य